## राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

## सिंहदरबार, काठमाडौं

### सप्तकोशी बाढीबारे प्रेस नोट

आज २०७९ साउन १८ गते बुधबार सप्तकोशी नदीको एउटा भंगालो उदयपुर जिल्ला, वेलका नगरपालिकाको डुम्रीबोटबाट तटबन्ध फुटाउँदै दक्षिण पश्चिम क्षेत्र पस्दा नगरपालिकाका १, २, ३, ८ र ९ वडाका करिब १५ सय घरपरिवार प्रभावित भएका छन् । हालसम्म कुनै मानवीय क्षति भएको छैन । धान, मकैलगायतका खेतीबालीमा क्षति पुगेको छ । बाढीबाट प्रभावित करिव एक हजार घरपरिवारको उद्धार गरी सुरक्षित स्थलमा सारिएको छ ।

आज बिहान ४ बजेबाट सप्तकोशी नदीको एउटा भंगालो उदयपुर, वेलका नगरपालिकाको डुम्रीबोटबाट तटबन्ध फुटाउँदै सिसौली टप्पु-चिलिया बस्तीतर्फ पस्न शुरु गरेको थियो । बाढी प्रभावितलाई सुरक्षित स्थानमा सार्ने कार्यका साथसाथै स्थानीय साधनस्रोत प्रयोग गरेर तटबन्ध कस्ने काम पनि भइरहेको छ ।

गृहमन्त्री बालकृष्ण खाणले उक्त बाढीबाट प्रभावित नागरिकलाई स्थानान्तरण, राहत र उद्धारको तत्काल व्यवस्थापन गर्न सम्बन्धित सबै निकायलाई निर्देशन दिनुभएको छ । गृहमन्त्री खाणले अस्थायी बासस्थान निर्माण, उद्धार, राहत र घाइते भएको भए उपचारमा कुनै कमी हुन नदिन पनि निर्देशन दिनुभएको छ ।

उद्धार गरिएका नागरिकहरुको आवश्यक व्यवस्थापनका लागि टेन्ट तथा अन्य बन्दोबस्तीका सामान पठाउने क्रम जारी छ । राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्था र व्यवसायीलाई समेत सहयोगका लागि आह्वान गरिसकिएको छ । प्राधिकरणको समन्वयमा बेलायत सरकार र केएर नेपालले विस्थापितहरुलाई खाद्यान्न खरिद गर्न ६ लाख रुपैयाँ तथा सरसफाइका सामान, स्यानिटरी प्याड र आधारभूत सेल्टरका सामग्रीहरुका लागि ११ लाख रुपैयाँ राष्ट्रिय कृषक समूह महासंघमार्फत् उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रदेश नं. १ का आन्तरिक मामिला तथा कानुन मन्त्री केदार कार्की एवं भौतिक पूर्वाधार मन्त्री हिमाल कार्कीको नेतृत्वमा प्रभावित क्षेत्रहरुको अनुगमन गरिएको छ ।

आजै वेलका नगरपालिका प्रमुख अशोक कार्कीको संयोजकत्वमा तीनै तहका सरकारका प्रतिनिधि, सुरक्षा निकाय र सरोकारवालाहरुबीचको बैठक बसी वेलका र बराहक्षेत्र नगरपालिकाका नगर-प्रमुखहरुको संयोजकत्वमा नेपाल रेडक्रस सोसाइट, वडाध्यक्षलगायत आवश्यताअनुसार पदाधिकारी सहभागी हुने गरी खोज, उद् राहत, पुनर्स्थापना तथा विपद् व्यवस्थापन समिति गठन गर्ने निर्णय गरेको छ ।

बैठकले नदीले पुर्याएको तथा पुर्याउन सक्ने थप क्षति आधिकारिक सूचना सम्प्रेषण गर्न सूचना संयन्त्र निर्माण गर्ने पनि निर्णय पनि गरेको छ । सप्तरीका सप्तकोशी र कञ्चनरुप नगरपालिकाका प्रभावित हुनसक्ने वडाका बासिन्दालाई सतर्क गराइएको छ ।

बैठकले बाढी प्रभावितहरुको आश्रयस्थलका लागि वेलका नगरपालिकाको वडा नं. ९ धौरीमा ५०० घरपरिवार, वडा नं. ८ को एकता, चिलिया, दुर्गा मन्दिर टोलमा ५०० घरपरिवार, वडा नं. ३ बुधबारे, जणना, शुक्रबारेमा ५०० घरपरिवार, वडा नं. ३ बानडाँडा, रामनगर, नारायणपुरमा, शिवालयमन्दिर, लालभित्त, भागलपुरमा ८०० घरधुरीका लागि आश्रयस्थल बनाउन निर्णय पनि गरेको छ । त्यस्तै, आवश्यकताअनुसार वडा नं. १ को पुरन्दह, वडा नं. ८ को डुडखोला सामुदायिक भवन, वडा नं. ९ र ३ को खसीबोका संकलन केन्द्र, खानेपानी, क्याम्पस, मचुवा बजार, आदिवासी–जनजाति भवन, वडा नं. १ गलफडिया आधारभूत मावि, वडा नं. २ को रेडक्रस भवन, जनता माविलाई सुरक्षित आश्रयस्थल बनाउने पनि निर्णय गरेको छ ।

बैठकले राहत सामग्रीहरु एकद्वार प्रणलीबाट संकलन गरी एकद्वार प्रणालीबाटै वितरण गर्ने निर्णय गरेअनुसार राहत संकलन थालेको छ । राहत वितरण गर्दा उदयपुर-सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी वा निजले तोकेका अधिकृत, दुवै नगरपालिकाका नगरप्रमुखहरुको संयोजनमा वितरण गर्ने निर्णय बैठकले गरेको छ ।

आजै नेपाल रेडक्रस सोसाइटीले १०० थान त्रिपाल, १ थान रवरबोट, ६ थान हेल्मेट उपलब्ध गराएको छ भने खाद्यान्न खरिदमा ५० हजार रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

बाढी प्रभावित क्षेत्रका केही स्थानीयले घर छाड्न नमानेकाले मानवीय क्षति हुनसक्ने भएकोले जिल्ला तथा स्थानीय प्रशासनले सबै नागरिकलाई सुरक्षित स्थलतर्फ जान अनुरोध पनि गरेको छ ।

२०७९/०४/१८

डा. डिजन भट्टराई

प्रवक्ता